नेपाल सरकार
# स्वास्थ्य बीमा बोर्ड
टेकु, काठमाडौं

पत्र संख्या: ०७८/०७९
च.न. १३४८

०१-४१००२२३

मिति : २०७९/१२/२८

श्री स्वास्थ्य बीमा बोर्डमा सूचिकृत
सेवा प्रदायक स्वास्थ्य संस्थाहरु (सबै)

विषय : कागजात पेश गर्ने सम्बन्धमा

स्वास्थ्य बीमा बोर्डमा सूचिकृत भई स्वास्थ्य सेवा दिदैं आएका सम्पूर्ण सेवा प्रदायक स्वास्थ्य संस्थाहरुले बिगतमा यस वोर्डसँग भएको सेवा सम्झौता अवधि समाप्त हुनु भन्दा तीन महिना अगावै नविकरणका लागि बोर्डमा आवेदन गर्नु पर्ने भन्ने व्यवस्था स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ९(५) मा भएको व्यहोरा अवगत नै छ । बीमा व्यवस्थापन सूचना प्रणालीमा Log in गर्दा screen मा सम्झौता अबधि कति छ भन्ने निरन्तर देखिने र समय अवधी तीन महिना (९० दिन) सम्म मात्र बाँकी हुदाँ screen मा रातो चिन्हको पपअफ देखिने र सो समय समाप्त पश्चात स्वतः सम्बन्धित संस्थाको User Blocked हुने हुदाँ सम्पूर्ण सरकारी, सामुदायिक तथा निजी सेवा प्रदायक संस्थाहरुले अस्पतालको प्रकृति वमोजिम सेवा प्रदायक स्वास्थ्य संस्थाहरुको सूचिकरण सम्बन्धी कार्यविधि, २०७८ मा उल्लेख भए अनुरुप तपशिलका कागजातहरू संलग्न गरी पत्र प्राप्त मितिले १५ (पन्ध्र) दिन भित्र कागजात पेश गर्नहुन सम्बन्धित सबै सेवा प्रदायक संस्थालाई अनुरोध छ।

बाबुराम खनाल
(उप-सचिव)

तपसिलः

| सि.नं. | कागजातहरु |
|---|---|
| १ | नविकरण सम्बन्धको अस्पतालको निबेदन |
| २ | संस्था सञ्चालन दर्ता तथा सेवा सञ्चालन अनुमति/नविकरण प्रमाणपत्र |
| ३ | अस्पतालको नियमावली/ बिधान/प्रबन्धपत्र |
| ४ | स्थायी लेखा दर्ता प्रमाणपत्र |
| ५ | हालको करचुक्ता प्रमाणपत्र |
| ६ | सामाजिक सुरक्षा कोषमा आबद्धता भएको प्रमाणित पत्र |
| ७ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको न्युनतम सेवा मापदण्ड (MSS) कम्तिमा ६०% भएको स्वःमूल्यांकन प्रतिवेदन |
| ८ | कर्मचारीको तलब भत्ता बैंक मार्फत भुक्तानी गरेको प्रमाणीत कागजात |
| ९ | सञ्चालक तथा सबै कर्मचारीहरुको स्वास्थ्य बीमा गरेको बीमा न सहितको प्रमाणित पत्र |
| १० | सेवा प्रदायक संस्थाको आफ्नै फार्मेसी भएको प्रमाण |
| ११ | विधुतिय चिकित्सा अभिलेख प्रणाली (Electronic Medical Record System) भएको प्रमाण |
| १२ | स्विकृत शैयाको आधारमा चिकित्सक/विशेषज्ञको व्यवस्था गरेको आधिकारिक प्रमाण |
| १३ | अस्पतालको शैया संख्या खुल्ने आधिकारिक प्रमाण |
| १४ | अस्पतालले अन्तिम लेखा परीक्षणको प्रतिवेदन |

वोधार्थ

श्री स्वास्थ्य बीमा बोर्ड, सूचना प्रविधि/आर्थिक प्रशासन/प्रशासन/दाबी व्यवस्थापन शाखा जानकारी एवं अपलोड गरिदिनुहुन ।
श्री स्वास्थ्य बीमा बोर्ड, प्रदेश शाखा कार्यालयहरु (सबै) : आवश्यक सहजीकरणको लागि ।
श्री स्वास्थ्य बीमा बोर्ड, जिल्ला सम्पर्क शाखा कार्यालयहरु (सबै) : आवश्यक सहजीकरणको लागि ।

**"तपाईको स्वास्थ्य हाम्रो अठोठ"**

**Email Address :** info@hib.gov.np, planningdep@hib.gov.np **website:** hib.gov.np

Scanned with CamScanner